# दोस्रो गाउँसभा तथा पाँचौ अधिवेशनमा प्रस्तुत

# निति तथा कार्यक्रम

## आर्थिक बर्ष २०८१।०८२

## गौमुल गाउँपालिका

## घट्मुना बाजुरा

## मितिः २०८१ असार ७ गते

**दोस्रो गाउँसभा तथा पाचौ अधिवेशनमा प्रस्तुत**

**आर्थिक बर्ष २०८१।०८२ को निति कार्यक्रम तथा बजेट**

**गाउँ सभाका सदस्य ज्यूहरु,**

हाम्रो गाउँपालिकाको दोस्रो गाउसभा तथा पाँचौ अधिवेशनमा उपस्थित सम्पुर्ण महानुभावहरुमा हार्दिक स्वागत तथा नमस्कार व्यक्त गर्न चाहन्छु ।

हाम्रो देशको शासन व्यवस्था परिवर्तनका निम्ती विभिन्न कालखण्डमा जिवनको आहुती दिने शहिदहरु प्रति भावपूर्ण श्रदाञ्जली व्यक्त गर्दछु । सम्पूर्ण घाइते तथा अपाङ्गहरुको स्वास्थ्य लाभको कामना गर्दछु ।

हामी देश संघिय संरचनामा सचालन भएपछिको यो दोस्रो कार्यकालको दोस्रो गाउँसभा तथा पाँचौ अधिवेशनमा उपस्थित छौ । हाम्रा सामु अहिले पनि थुप्रै चुनौतिहरु छन।हामीले निर्धारण गरेका लक्ष्य उद्धेश्य र योजनाहरु एकै पटक लागु गर्न र कार्यान्वयन गर्न सकिरहेका छैनौ।तथापी हामी सँग भएका समस्याहरुबाट पछाडी हट्ने होइन बरु ती समस्याहरुको डटेर सामना गर्नुको बिकल्प छैन । हामी संग भएको सिमित स्रोत साधनलाइ समुचित ढंगले प्रयोग गर्दे जनताका आधारभुत आवश्यता पुरा गर्नु पर्नेछ। दिगो विकास लक्ष्य ,पन्ध्रौ योजना,प्रदेश तथा पालिका आफैले लिएको लक्ष्य र सुखि नेपाली समृद्ध नेपालको राष्ट्रिय आकाँक्षा पुरा गर्नु हाम्रो प्रमुख दायित्व हो ।यसरी यस आ व मा पनि ***आत्मनिर्भर जनता गौमुल समृद्धिको आधारः शिक्षा स्वास्थ्यमा सुधार ,जडिबुटी र पर्यटन प्रबद्र्धन सहकारी मार्फत कृषी जन्य व्यापार*** मुल नारालाई नै आत्मसात गर्दे यस बर्षको बार्षिक निती कार्यक्रम ल्याउने प्रयास गरेको छु। यस बर्षको बजेट मा मुख्य रुपमा **तिन स** अर्थात **सडक, शिक्षा र स्वास्थ्य** लाई प्राथमिकतामा राखिएको छ।

**गाउँ सभाका सदस्य ज्यूहरु,**

यो निती तथा कार्यक्रम तयार गर्दा निन्नानुसारका सिद्धान्तहरुलाई आधार मानीएको छ ।

१) सुखि नेपाली.,समृद्ध नेपालको राष्ट्रिय आकाँक्षा ।

२) दिगो विकास लक्ष्य.पन्ध्रौ विकास योजना,बेइजिङ्ग घोषणा पत्र,प्रदेश सरकारले लिएको लक्ष्य र पालिकाले निर्धारण गरेका लक्ष्य ।

**गाउँ सभाका सदस्य ज्यूहरु,**

अव म चालु आ व २०८०।०८१ सम्मको क्षेत्रगत समिक्षा प्रस्तुत गर्न अनुमती चाहन्छु ।

**क) पूर्वाधार विकासः**

- १० शैया अस्पताल निर्माण अन्तिम अवस्थामा रहेको छ ।
- फनपार्क निर्माणाधिन अवस्थामा रहेको छ ।
- वडा न ४ र ५ जोड्ने सडक नियमित संचालनमा रहेको छ ।
- वडा नं ३ जोड्ने सडक निर्माण भएको छ ।
- वडा नं ३ मा २६० मिटर लामो झोलुङ्गे पुल निर्माण भएको छ ।
- आगर देखी २ नं जोड्ने सडक करिव ४.५ किलो मिटर निर्माण कार्य भएको छ ।
- २ वटा विद्यालयहरु घटाल आ वि र सत्य आ वि निर्माणाधिन अवस्थामा रहेका छन ।
- गौमु गाँउपालिका विभिन्न वडाहरुमा सिचाँइकुलो गोरेटो बाटो विद्युत नगर सडक निर्माण स्वास्थ्य भवनहरु निर्माण कार्य सम्पन्न भइ भुक्तानीको प्रकृयामा रहेका छन ।
- सडक बोर्डबाट किर्तिचौर देखी मानाकोट सम्म सडक स्तर उन्नती गरीएको छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमबाट प्रभाव प्राविको फिल्ड र शौचालय र जिवनज्योतीको सौचालय निर्माण गरीएको छ ।
- प्रभानमन्त्री रोजगार कार्यक्रमबाटै तुसारीगाड देखी जुरेली सम्मको बाटो सिमधारा लघु लज विद्युत नहर र निलासैन देखी कौडाकोट सम्मको बाटो निर्माण गरिएका छन
- सियाढुङ्गा पशु सेवा शाखाको टहरा र तल्दुगुन स्वास्थ्य सेवा इकाइको टहरा निर्माण गरी नियमित सेवा संचालनमा आएको छ
- हिमशिखर आधारभुत विद्यालयको रिटेनिङ्ग वाल निर्माण गरिएको छ ।
- अम्लिस खेल मैदान निर्माण गरीएको छ ।
- थारखोला लघु जलविघुत नहर मर्मत योजना निर्माण गरिएको छ ।

**ख) सामाजिक विकासः**

- महिला हिसाँ लाई न्यूनिकरण गर्न वडा तथा गाउँपालिका स्तरिय विभिन्न जनचेतनामुलक कार्यक्रम संचालन गरिएका छन ।
- स्वास्थ्य क्षेत्रमा औषधीको अभाव नहुन दिइ उपचार पूर्व रोकथामको बिषयमा स्वास्थ्य शिक्षा दिनका लागि टोल टोलमा हरेक स्वास्थ्य कर्मि पुग्ने व्यवस्था गरिएको छ ।
- सामाजिक सुरक्षा भत्ता गौमुल पालिकाका १७१९ जना लाभग्राहीहरुलाइ **EFT** मार्फत रकम भुक्तानि सम्बन्धित लाभग्राहीहरुको खातामा गरिएको छ ।
- गाउँपालिकाको केन्द्रमा भिडियो एक्सरे र सिआर मेसिन जडान तथा फार्मेसि स्थापना गरि **MBBS** डक्टर सहित सेवा निरन्तर सचालनमा रहेएको छ ।
- शसत्र अनुदानका कार्यक्रमहरु निरन्तर रुपमा संचालन गरिएका छन ।
- सबै नागरिकहरुलाई कोभिड १९ विरुद्धको खोप लगाईएको छ ।
- आर्थिकरुममा विपन्न घरपरिवारहरुलाई निशुल्क स्वास्थ्य उपचारको व्यवस्था गरिएको छ।
- यस पालिका को वडा न १ देखि ६ सम्मका कृषकहरु ले पालिराखेका पशु चौपाया जस्तै गाई गोरु र भैसिहरु मा महामारिको रुपमा फैलियको भाईरस लम्पी स्कीन द्वारा सर्ने गाई गोरु र भैसि को शरिरमा गाँठा आउने ज्वारो मृत्यु हुने जस्ता रोग लाई नियन्त्रण गर्नका लागि औषधि र खोप सहित बोकेर प्राविधिक कृषकको घर दैलोर गोठ र खर्कमा पुग्ने काम सेवा प्रदान गरिएको छ ।
- आइ एन एफ नेपालको प्राविधिक तथा आर्थिक सहयोगमा हाड जोर्नी सम्बन्धि स्वास्थ्य सेवा शिविर संचालन गरिएको छ ।
- गाउँपालिकाको केन्द्रमा आयुर्वेदिक मार्फत १७८६ जना विरामीहरुलाइ परामर्श सेवा र औषधी उपचार सेवालाई निरन्तरता दिएको छ ।
- अपाङ्ग भएका व्यक्तिहरुको लगत संकलन गरि अपाङ्ग परिचय पत्र वितरण गरिएको छ ।
- सामाजिक सुरक्षा भत्ता र ब्यक्तीगत घटना दर्ता **Online** मार्फत नियमित गरिएको छ ।
- पोषण सेवा प्रवाहका लागी २९ वटै आमासमुहमा पोषण र सरसफाई सम्बन्धी सचेतना कार्यक्रम संचालन गरिएको छ ।
- समुदायमा बालविवाह,मर्यादित महिनावारी तथा सुत्केरि अवस्थामा पोषणको वियषमा विद्यमान हानिकारक मान्यता र कुसंस्कार विरुद्ध अभिमुखिकरण कार्यक्रम संचालन गरिएको छ ।
- कृषकहरु ले पालिराखेका पशु पन्छि तथा चौपायाहरु लाई बिभिन्न प्रकारका रोगहरु वाट बचाउँनका लागि औषधि तथा खोप खरिद गर्ने काम गरिएको छ। कृषकहरु लाई पशुसेवा २ वटा सेवा केन्द्र निलासैन र सियाढुङ्गा वाट सुचारु भयको छ ।
- बालविवाहलाइ रोक्न अथक प्रयास गरिएको छ । कतिपय विवाह स्थगित गरि केटा केटीहरुलाइ आफ्नो आफ्नो घर पठाउने र कतिपयको विवाहलाइ हुनै नदिने गरी सामाजिक रुपमै रोक्ने प्रयास गरिएको छ ।
- समुदायमा बालविवाह,मर्यादित महिनावारि र सुत्केरी अवस्थामा पोषण र सरसफाई विषयमा अभिमुखिकरण गरीएको छ ।

**ग) आर्थिक विकासः**

- गाउँपालिका भरिका विभिन्न क्षेत्रको हावापानी प्राविधिक सम्भाव्यताको अध्ययन पश्चात ३४२०कृषकहरुलाई मौषम तथा बेमौषमी तरकारीका विउहरु उपलब्ध गरी नियमित उत्पादनमा सहयोग पुगेको छ ।
- गौमुल गाँउपालिका भरीका ५६० जना कृषकहरुलाइ गहुको विउ वितरण गरीएको छ
- गौमुल गाँउपालिका उत्पादित १०० कुइन्टल सुन्तला १० कुइन्टल कोदो र १२० कुइन्टल सिमि बाह्यय बजार मार्तडी, धनगढी, दार्चुल्ला र काठमाण्डौ बजारमा निर्यात गरी कृषकहरुको आम्दानीमा बृद्धी भएको छ ।
- गौमुल गाँउपालिका २५० जना कृषकहरुलाइ सिमिको विउ वितरण गरीएको छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमबाट ४६ जना र युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना बाट ४० जना गरी जम्मा ८६ जनालाई १०० दिनको रोजगारी प्रदान गरी प्रत्येक व्यक्तिले ६६१३२ रुपैया आम्दानी गरेका छन।
- ५० प्रतिशत अनुदानमा वितरण गरिने बर्षे फलफुलको माग संकलन गरि कृषि ज्ञान केन्द्र मार्तडी बाजुरामा पठाईएको छ।
- कृषि ज्ञान केन्द्रको आर्थिक सहयोगमा गौमुल गाउँपालिका वडा २ मा मौरी ब्लक वडा ४ मा आलु ब्लक र वडा न ५ मा साना सिचाई कार्यक्रम सम्पन्न भईसकेको छ।
- कृषिमेला प्रदशनीमा ३१ जना कृषकहरुलाइ सम्मान गरिएको छ भने ३ जनालाइ तिस हजार नगद प्रदान गरिएको छ ।

- किसान सुचिकरण कार्यक्रम अन्तरगत गौमुल गाउँपालिका भरिका कृषकहरु मध्ये ९६२ जना सम्पुर्ण विवरण पेश गरिएको र कृषक परिचय पत्र वितरण गरिने प्रक्रियामा छ।
- माटोको अवस्था विश्लेषण तथा माटो सुधारका लागि गौमुल गाउँपालिकाका प्रत्येक वडाहरुबाट बाट कम्तिमा १० वटा माटोको नमुना संकलन गरि प्रदेश मल तथा माटो परिक्षण प्रयोगशाला सुन्दरपुर कन्चनपुर पठाईएको छ।
- गौमुल गाउँपालिकामा उत्पादन भएको मुख्य बाली सिमि, धान, कोदो, गहुँ जौ बालिको क्रप कटिंग गरि क्रमशः २.५, ४, ३.५, २.७ र ३.२ मेट्रिक टन उत्पादन भएको छ। डालेघासका लागि नर्सरी निमाण गरिएको ।
- विभिन्न साझेदारी निकाय संगको समन्वयमा कृर्षि सम्वन्धि काम गरिदै आएका छौ ।

**घ) वातावरण तथा विपद् व्यवस्थापनः**

- वनको सरक्षण तथा व्यवस्थापन गर्न वाहिर वाट आउने चौपायालाइ पूर्ण रुपमा बन्द गरि खुला चरिचरनमा बन्द गर्ने प्रयत्न गरियो ।
- विपदमा परेका ९४० परिवारहरु लाई राहत वितरण गरेको ।
- मिति २०८० साल असोज महिनाको १६ गते बझागं जिल्ला केन्द्र विन्दु बनाइ आएको भुकम्पले यस पलिकामा गरेको क्षतीको एकिन गरी विवरण संकलन गरीएको छ ।
- मिति २०८० साल असोज महिनाको १६ गते बझागं जिल्ला केन्द्र विन्दु बनाइ आएको भुकम्पले क्षती गरेका ५५ घ धु को डिजायन स्टमेट एम्बी तथा आवश्यक कागजात तयारी गरी पहिलो किस्ता प्रति ब्यक्ति रु २५००० निकासा गरिएको छ ।
- ५५ वटा टहरा निर्माण भएकाछन ।
- २०७९ साल माघ महिनाको १० गते आएको भुकम्पबाट क्षती भएका यस गाउपालिकाका ४०३ घरपरिवारको प्रहरी मुचुल्का अनुसुची लगाएतका आवश्यक कागजातहरु तयार गरिएका छन।
- मनसुनजन्य विपदबाट क्षती भएका ४८ वटा घरधुरीका लागि घर निर्माण तथा दोस्रो किस्ता निकासाका लागि आवश्यक सहजीकरण गरी प्रति ब्यक्ति रु १३५०००। ( एक लाख पैतिस हजार ) का दरले निकाशा गरिएको छ ।
- मनसुनजन्य विपद असीना पानी अगलागिका घटनाबाट क्षती भएका घरधुरीका लागि आवश्यक राहत सामाग्री वितरण भएको छ ।
- सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत छनौटमा परेका घरधुरीहरुको आवश्यक कागजात डिजायन स्टमेट सम्झौता लगाएत आवश्यक कागजात तयारी गरी पहिलो किस्ता निकाशाका भएको छ ।
- प्रत्येक वडाहरुमा बर्षातको समयमा हुन सक्ने क्षतीलाइ मध्यनजर गरी वडागत राहत सामाग्री वितरणमा गरिएका छन ।
- विपद व्यवस्थापन सम्बन्धिका सामाग्रीहरुको तयारी गरि केहि वितरण गरिएको छ र कार्ययोजना तयार पारिएको छ ।
- विपद प्रतिकार्य र विपद मनसुनजन्य योजना अध्यावधिक गरिएको छ ।
- विपद जोखिम न्यूनिकरण सम्वन्धि जनचेतनामुलक कार्यक्रम गरिएका छन ।

**ङ) संस्थागत विकास तथा सेवा प्रवाहः**

- सम्पूर्ण विध्यालयको सामाजिक लेखा परिक्षण गराई अन्तीम लेखा परिक्षण गरिएको छ ।
- अपाङ्गता परिचय पत्र वितरण जस मध्ये क वर्ग का १० वटा ख वर्ग का ५ वटा र घ वर्ग का १ जना गरि जम्मा १६ वटा परिचय पत्र वितरण गरिएको छ।
- स्थानीय तहको स्वमूल्याङ्कन **LISA** मा ७३.७५ प्रतिशत नतिजा हासिल गर्न सफल भएका छौ।
- वडाहरुमा गाउँपालिकाले उपलव्ध गराउने सेवा सुविधा तथा गाउँपालिकाले गर्ने विभिन्न कार्यक्रमका वारेमा जनता र अन्य निकायहरु लाई जानकारी गरिएको छ ।
- कक्षा १ देखि ३ सम्मको स्थानीय पाठ्यक्रम निर्माण गरि कार्यान्वायन भइ रहेको छ।
- गाउँपालिकाको रोजगार सेवा केन्द्र बाट पालिकाका सबै वडाहरुमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका विभिन्न आयोजनाहरु संचालन गरि १५७ जना व्यक्तिहरु रोजगारको सेवा प्रदान गरेको छ ।
- गाउँपालिकाको रोजगार सेवा केन्द्रबाट श्रम स्वीकृती सेवा र पुनः श्रम स्वीकृती सेवा प्रदान गरिने भएको छ ।
- गौमुल गाउँपालिका वडा न १ देखि ६ सम्मका १२ जना सहभागिलाई २५ दिने सिलाई कटाइ तालिम सन्चालन गरीएको छ ।

- व्यवसायिक फर्निचर तालिम गौमुल गाउँपालिका वडा न १ अम्लिसमा २० जना सहभागिहरु लाई प्रदान गरीएको छ ।
- अव्यवस्थित मदिरा सेवनबाट समाजलाइ सभ्य र सुसस्कृत बनाउन लागु गरिएको मदिरा सेवन कार्ड प्रभावकारी रुपमा कार्यान्वयन भएको छ भने समाजमा शान्तीको प्रत्याभुती दिलाउन सफल भएका छौ ।
- जनतालाइ जनताकै सामाजिक काममा आफै सक्रिय बनाउन देशका लागि दुइ दिन कार्यक्रम संचालनलाई नियमितता दिईएको छ ।
- न्यायीक समिती मार्फत न्याय निरुपणको कामलाइ सक्रियताका साथ निश्पक्ष ढंगले सम्मन्न गर्ने गरिएकोछ ।
- घरेलु उधोगमा बृद्धी गरिएको छ ।
- नेपाल टेलिकमको समन्वयमा सबै वडाहरुमा टिप्ने गरी **4G** सेवा जडान गरीएको छ

**गाउँ सभाका सदस्य ज्यूहरु,**

अव म गाउँपालिकाका सवल पक्षहरु,अवसरहरु ,सुधार गर्नु पर्ने पक्षहरु र चुनौतीहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**क) यस गाउँपालिकाका सवल पक्षहरुः**

- विकास निर्माणका कामहरुलाइ प्रार्थमिकताका आधारमा गरी रहनु ।
- जनताको सक्रिय सहभागिता भइ रहनु ।
- कुनै पनि प्रकारका विवादले पालिकाका काममा अवरोध नपर्नु ।
- जनता,जन प्रतिनिधि र कर्मचारीहरुको विच सन्तुलित वातावरण कायम रहनु ।
- विना पूर्वाग्रह निर्विवाद ढंगले स्थानिय सरकार संचालन भइ रहनु ।
- स्थानिय सरकाले लिएको निति तथा कार्यक्रममा जनताको सकारात्मक भुमिका रहनु ।
- न्यून श्रोतबाट आबश्यकताको प्रार्थमिकताकरण गरी श्रोतको सही ब्यबस्थापन हुनु
- गाँउपालिकाले पारित गरेका निति तथा नियमावलीहरु नियमित कार्यन्वयनमा रहनु ।
- डिजिटल प्रोफाईल अध्यावधिक गरिएको छ भने डिजिटल नागरिक वडा पत्र गाउँपालिकामा शुरु गरिएको छ ।
- सरकार र जनता विच सुचनाको आदान प्रदानका लागि पालिकाले रेडियो गौमुल मार्फत सुचना सन्देश प्रशारण गर्दै आएका छौ।
- विभिन्न साझेदारी निकायहरुसंग समन्वय गरि पालिकामा लगानी भित्र्याउने कार्य गरिरहेका छौ ।
- पालिकाको स्थानीय उत्पादनलाई प्रचार प्रसार गर्न मार्तडिमा रहेको गौमुल कोषेलि घरलाई नियमितता दिएका छौ ।
- गाउँपालिका भित्र ६ वडाकार्यालय मध्ये पाँच वडाको भवन निर्माण भइ कार्यालयको काम नियमित सुचारु गरिएको छ ।
- गाउँपालिका द्धारा संचालन भएका विभिन्न विकास निमार्ण सेवा सुविधा प्रति जनसमुदायको गुनासो अपेक्षा तथा जनप्रतिनिधि र समुदाय विच को दोहोरो अन्तरक्रिया कार्यक्रम नियमित सचालन गरिएकोछ ।
- ९५ प्रतिशत खानेपानि मा पहुच पुगाएका छौ ।
- प्रत्येक वडामा आधारभुत स्वास्थको व्यवस्था गरि जनतालाई स्वास्थ्य सेवाको पहुचमा पुगाएको छ।
- किशोरी तथा सुनौला हजार दिनका घरपरिवारका सदस्यहरुलाई करेशाबारी निर्माण सम्बन्धि सैदान्तिक र व्यवहारिक ज्ञान दिई समुहगत च्याउ खेति उत्पादन कार्यक्रम संचालन गरेको छ ।
- स्वस्थ पानी पिउनका लागि गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालयमा पानि सुद्धिकरणका लागि फिल्टर वितरण गरिएको छ ।
- साक्षर गाउँपालिका घोषणा गरेको।
- समग्र खेतिको सम्भव्यता अध्ययन गरी उन्नतजातको इटलिबाट विउ भित्र्याई स्याउ खेती सुरु गरिएको।
- गाउँपालिका भित्रका सवै सडकहरुको **DPR** तयार तथा वातावरणीय प्रभाव मुल्याकन समेत गरेको छ।
- शैक्षीक सुधारका लागी,दरवन्दी मिलान ,शैक्षिक अनुदान थप गरिएको छ भने सवै विद्यालयका संरचना भुकम्प प्रतिरोधी वन्ने गरि DPR गरी भवनहरु निर्माण हुदै छन ।
- विधार्थि को चारित्रीक विकास गर्न विधार्थि ,शिक्षक र विध्यालय व्यवस्थापन समितिलाई तालिमको व्यवस्था गरिएको छ।
- छाडा पशु पालनलाई व्यवस्थापन गरिएको छ।
- जनतालाई जडिवुटिमा आत्मनिर्भर वनाउन जडिवुटिको सम्भाब्यता सम्वन्धि DPR तयार भएको र हाइटेक प्रविधिको जडिवुटि नर्सरी स्थापनाकोलागि अध्ययन सम्पन्न भएको छ।

- स्थानिय उत्पादन सिमिलाई जोड दिई बजार सम्म पुगाउन अनुदान दिदै आईरहेको छ भने यस ले गर्दा उत्पादनमा व्यापक वृद्धि भइरहेको छ।
- सबै बस्तीहरुलाई उज्यालोको पहुचमा ल्याउन सफल भएको ।
- सबै वडाहरुमा सुचना र संचारको पहुँच पुगेको छ ।

**ख) यस गाउँपालिकाले सुधार गर्नु पर्ने पक्षहरुः**

- संचारको पहुच सबै ठाउमा सहजरुपमा उपलव्ध हुन नसकेको ।
- कृर्षिमा व्यवसायिकरण र विविधिकरण हुन नसकेको हाल निर्वाहमुखि कृर्षि प्रणाली मात्र भएको ।
- पर्यटन क्षेत्रको पहिचान हुन नसकेको र आन्तरिक पर्यटनलाई प्रवर्दन गर्न नसकिएको ।
- खनिज पदार्थ फलाम सेलेट आदिको सम्भावना हुदा हुदै पनि पहिचान गर्न नसकिएको ।
- बेरोजगारिका कारण युवा जनशक्ति विदेश पलायन हुनु परेको र व्यवस्थापन गर्न नसकिएको ।
- आन्तरिक आम्दानीमा बृद्धी गर्न सकिएको छैन ।

**ग) यस गाउँपालिकाको अवसरहरुः**

- यस गाउँपालिकामा उत्पादित कृर्षि, पशुजन्य, जडिवुटी फलफुल, तरकारी नगदेवालि आदि वस्तुको उत्पादन तथा संकलन केन्द्रको स्थापना तथा सहज रुपमा निर्यात गरि आय आर्जनमा बृदि गर्न सकिने ।
- पर्यटन जन्य श्रोतहरुको पहिचान र पर्वदन गरि आन्तरिक तथा वाह्य पर्यटनको विकास गर्न सकिने ।
- यस गाउँपालिका भित्र विभिन्न क्षेत्रमा रहेको खनिज पदार्थ फलाम खानि सेलेट आदिको खोज अनुसन्धान गरि रोजगारीको सृर्जना गर्न सकिने।
- विधुत उत्पादनमा ठुलो सम्भावना रहेकोले यस कुरालाइ जोड दिएमा यस गाउँपालिकाका जनताको जिवनस्तर बृद्धी हुने देखिन्छ ।
- खनिज पदार्थको सम्भावना रहेकाले यसको उत्खनन् गरेमा आत्मनिर्भर गाउँपालिका बन्न सक्ने देखिन्छ ।

**घ) यस गाउँपालिकाका चुनौतिहरुः**

- विकट भौगोलिक अवस्थितिका कारण सबै वडाहरुमा विकासका पूर्वाधारहरुको विस्तार गर्न कठीनाई ।
- वारम्वार विपदका कारण भौतिक तथा मानविय क्षेति हुने भएकाले विकास निर्माणमा अवरोध ।
- निर्वाहमुखि कृर्षि प्रणालिलाई व्यवसायिकरण र विभिधिकरण गर्नका लागि प्रयाप्त स्रोतको अभाव रहेको।
- आर्थिक मानविय स्रोत साधानको सिमितताका विच जनताका असिमित मागहरु सम्वोधन गर्न कठिनाइ छ ।

**गाउँ सभाका सदस्य ज्यूहरु,**

अव म आगामी आर्थीक बर्ष २०८१।०८२ मा लिइने क्षेत्रगत निती तथा गरिने कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**क्षेत्रगत नितीहरु**

**१ भौतिक पूर्वाधार .**

- भुकुम्पबाट प्रभावित बस्तिहरुलाइ आगामी १ बर्ष भित्र स्थानान्तरण तथा आवास को व्यवस्था गरिसकिनेछ ।
- सबै वडा कार्यालयहरुमा आगामी २ बर्ष भित्र सडक पुर्याइ नियमित यातायात सुविधाको ब्यबस्था हुनेछ।
- सडक पुल निर्माणका लागि सबै नदि खोलामा डिपिआर तथा निर्माणका लागि संघ प्रदेश सरकारमा पहल गरिने छ
- सडक सञ्जाललाइ अन्तर जिल्ला अन्तर पालिका तथा अन्तर वडा संग छोटो ,सरल र सहज रुपमा सञ्चालन गर्ने वातावरण निमार्ण गरिनेछ ।
- निर्माण भएका सडकहरुमा नियमित यातायात सुचारु गरि सडकको स्तर उन्तती गरिने छ । ।
- वडा नं ५ को कोट देखि बझाङ्ग सम्मको सडकको डिपिआर तयार गरिनेछ भने निर्माण कार्य अगाडी बढाइनेछ ।
- वडा नं ३ वडा नं २ र वडा नं १ मा पर्ने मोटरपुल निर्माण कार्य आगामी ५ बर्ष भित्र गरिसकिनेछ ।
- वडा नं ६ को सटेडा देखि सिल्का सम्मको मार्ग १ बर्ष भित्र सचालनमा ल्याइनेछ ।
- सबै टोलहरुमा मोटरबाटो जोड्न सडक योजना तयारी पारीने छ ।
- यस पालिका भित्रका झोलगेपुल आवश्यक पर्ने ठाउँहरुमा आगामी ३ बर्ष भित्र निर्माण गरिसकिने छ ।
- २ बर्ष भित्रमा पालिका स्तरमा खेल मैदान निर्माण गरी जिल्ला स्तरको खेलकुद संचालनका लागी पहल गरिने छ ।
- गौमुल गाँउपालिकाको प्रशासनिक भवनको अगाडीको वाल सहितको फिल्ड निर्माण गरी ब्यबस्थित गरिने छ ।
- सबै वडाहरुमा **4G** टिप्ने टावरहरु निमार्ण गरी नेटबर्क लाइ दिगो तथा निरन्तरताका लागी पहल गरीने छ ।

- सबै विधालयहरुको पूर्वाधार निर्माणको कार्य आगामी ३ बर्ष भित्र सम्पन्न गरिसकिने छ ।
- सबै विधालय भित्र इन्टरनेट सेवा सचालन गरिनेछ । यो कार्य आगामी दुइ बर्ष भित्र गरिने छ ।
- आगामी दुइ बर्ष भित्र सबै टोलहरुमा एउटा एउटा सामुदायिक भवन निर्माण गरिने छ ।
- गाउँलाई गाउँशहर वनाउने योजना अगाडी बढाइनेछ । यसका लागि विभिन्न ग्रामिण बस्ती बिज्ञहरुको सहयोग लिइने छ ।
- आगामी दुई बर्ष भित्र वडा नं ६, ४ र ५ मा केन्द्रीय विधुत प्रशारण लाईन विस्तार र सचालन गर्न विशेष पहल गरिने छ।
- आगामी २ बर्ष भित्र आवश्यक खेतीयोग्य जमिनमा प्रायास सिचाईको व्यवस्था गरिने छ ।
- 

**२ आर्थिक विकास तर्फ .**

**क) कृर्षिः**

- कृषकहरुलाई व्यवसाय अनुसारको अनुदान उपलब्ध गराईने छ ।
- एक घर एक ग्रीन हावस उपलव्ध गराईने छ ।
- कृषी वालि विमा निशुल्क गराईने छ ।
- सहकारी मार्फत कृषी उत्पादनलाई जोड दिइने छ ।
- पालिकामा एउटा कोल्डस्टोर स्थापना गरिने छ ।
- पालिका स्तरमा कृषी संकलन तथा प्रशोधन केन्द्रको स्थापना गरी संचालनमा ल्याइने छ ।
- उत्पादनलाई वजार सम्म पुगाउने अनुदानको व्यवस्था गरिने छ ।
- सबै प्रकारका विउविजन निशुल्क उपलव्ध गराइने छ ।
- एक घर एक जडिबुटी नर्सरीको निती लिइनेछ सोको लागि राहात कार्यक्रम ल्याइने छ ।
- एक घर दुइ वारी तोरी, पाचँ घार मौरी अनिवार्य गरिने छ ।
- सामुहिक कृषी खेती गर्नेलाइ बिशेष प्राथमिकता दिइनेछ ।
- रैथाने बालीहरु उत्पादन गरी बजारीकरणका लागी पहल कदमी गरीने छ ।
- गाँउपालिका स्तरमा विउ बैंक स्थापना गरी बाह्यय जिल्ला तथा पालिकामा निर्यात गरीने छ ।
- कृर्षि पकेट क्षेत्र अनुसार उत्पादनहरु बढाइ कृषी क्षेत्रमा गाँउपालिका लाइ आत्म निर्भर बनाउन जोड दिइने छ ।
- कृषी उपज संकलन तथा बजारीकरणका लागी स्थानिय स्तरमा कम्तीमा १५ यूवाहरुलाइ रोजगारी सिर्जना गर्न पहल गरिने छ।
- सबै खालका भुक्तानीहरु ँ मार्फत पूर्ण रुपमा कार्यन्वयनमा ल्याइने छ ।

**ख) पर्यटनः**

- आन्तरिक तथा बाह्रय पर्यटक भित्राउन विशेष योजना बनाईनेछ । मानव निर्मित स्थलहरु निर्माण तथा प्राकृतिक स्थलहरुको खोजी र संरक्षण गरिनेछ ।
- गौमुल गाँउपालिका भित्र रहेका महत्वपूर्ण पर्यटकिय क्षेत्रका लागी पहँच मार्ग निर्माणका लागी आबश्यक पहल कदमी गरिने छ
- वडा नं ४ मा निर्माणाधिन बृहत फनपार्क आगामी एक बर्ष भित्र सम्पन्न गरी संचालनमा ल्याइने छ ।
- महत्वपूर्ण पर्यटकीय क्षेत्रहरुको अबस्था अबलोकन गरी आबश्यक भौतिक पूर्वाधारका योजना निर्माण गर्न पहल गरिने छ ।
- सम्भावित पर्यटकीय क्षेत्रको टोल नजिक होम स्टे का लागी सम्भाब्यत अध्यन गरी पहल कदमी अगाढी बढाइने छ ।
- पर्यटन पर्वधन गर्नका लागी स्थानिय चाँडवपर्वहरुलाइ ब्यबस्थित बनाइने छ ।

**ग) उद्योग तथा बाणिज्य, सहकारीः**

- एक गाउँ एक उत्पादन, एक घर एक उधम को मोडलबाट अगाडी वढीनेछ ।
- विभिन्न कच्चा पदार्थको प्रयोग,रोजगारी सिर्जना तथा पालिकाको पहिचान दिने नमुना काम गरिनेछ ।
- निजी क्षेत्र सग साझेदारी गरिनेछ ।
- घरेलु तथा साना उधोगहरुलाई अनुदान दिईनेछ भने आवश्यक उपकरण र तालिमको व्यवस्था गरिनेछ ।
- पालिका भित्र एउटा अर्गानिक अचार उधोग स्थापना गरिनेछ ।
- अर्गानिक मसला उधोग स्थापना गरिनेछ । यसका लागि निजी क्षेत्रसग साजेदारी गरिनेछ ।
- यस पालिकाका हरेक परिवारको बार्षिक आम्दानी दुई लाख पुऱ्याईनेछ ।
- हरेक व्यक्ती सहकारीमा र सहकारी मार्फत व्यवसायको निती लिइनेछ ।
- सबै युवाहरुलाई रुचि अनुसारको व्यवसायीक तालिम दिइनेछ ।
- फलाम खानीको अनुसन्धान तथा उत्खनन कार्यलाई अगाडी बढाईनेछ ।

**३) सामाजिक विकास तर्फ**

**क) खानेपानी तथा सरसफाईः**

- एक घर एक धारा योजना अगाडी बढाइने छ । आगामी ४ बर्ष भित्र सबै घरमा धारा पुगाई सकिनेछ ।
- हरेक घरलाई सुन्दर बनाउन सुन्दर घर सहयोग कार्यक्रम लागु गरिनेछ ।
- सुन्दर गाउँ बनाउन हरेक घरको आगनमा बगैचा तथा बृक्षारोपण कार्यक्रम लागु गरिनेछ ।
- महिनावारीलाई सुरक्षित तथा व्यवस्थीत बनाउन हरेक टोलमा सेनेटरी प्याड बैक स्थापना गरिनेछ ।
- हरेक टोलमा एउटा आधुनिक सार्वजनकि सौचालय तथा स्नान गृह निर्माण गरिनेछन ।
- टोलमा ढल निकासाको ब्यबस्थापन गरी सुन्दर तथा स्वस्छ बातावरण बनाउन समुदाय स्तरमा सचेना मुलक कार्यक्रम गरिने छ

**ख) स्वास्थ्यः**

- सबै टोलहरुमा स्वास्थ्य सस्थाहरु स्थापना गरिनेछन जहाँ सबै आधुनिक सुविधाहरु भएका हुनेछन् ।
- हरेक परिवारलाई स्वास्थ्य विमा अनिवार्य गराइने छ । पालिकावाट सुविधा प्राप्त गर्ने सबैलाइ अनिवार्य स्वास्य विमा गराइने छ।
- ११० प्रकारका औषधी व्यवस्थापन र ठुलो उपचारलाई सहयोग कार्यक्रम ल्याइनेछ ।
- महिला स्वास्थ्य स्वयम सेविकाहरुको सुविधालाई बैज्ञानिक ढंगले व्यवस्थापन गरिनेछ ।
- वडा न ६ मा १० शैया अस्पताल स्थापना गरिनेछ भने वडा नं २ मा निर्माणधिन अस्पताल १ बर्ष भित्र सचालनमा ल्याइनेछ ।
- कोही पनि बालबालिका कुपोषित नहुन दिन पोषण कार्यक्रम लागु गरिनेछ ।
- गर्भवती चेकजाँच नियमित गरिने छ ।
- सुत्केरी हुन नसकेका जटिल अवस्थामा तत्काल उद्धारका लागि हेलिकप्टर,एम्बुलेन्स तथा अन्य दुत्र व्यवस्था गरिनेछ ।
- प्रत्येक बिधालयमा स्वास्थ्य सम्बन्धि शिक्षा दिइनेछ । त्यसका लागि पालिकामा बिधालय नर्सको व्यवस्था गरिनेछ ।

**ग) शिक्षाः**

- बिधार्थीहरुलाइ घोगाउने भन्दा पढ्ने खोज अनुसन्धान गर्ने बिधीलाइ बढावा दिइनेछ ।
- बिधालय स्तरबाटै बालबालिकाको चौतर्फी विकासका लागि खेलकुद , नृत्य, गायन तथा अन्य रचनात्मक क्रियाकलापमैत्री बातवरण सिर्जना गराइनेछ ।
- सम्पूर्ण विद्यालयमा दिवा खाजा कार्यक्रम व्यवस्थित गर्न उचित पारिश्रमिक सहित भान्से र भान्सा घरको व्यवस्था गरिने छ ।
- बिषयगत शिक्षक मिलान तथा शिक्षकद्धारा ज्ञान आदान प्रदान गर्ने वातावरण सिर्जना गरिनेछ
- हरेक शिक्षकको हातमा ल्यापटप, शिक्षकलाई तालिम ,सुचना मैत्री शिक्षा र स्वच्छ वातावरण मैत्री विधालय बनाईनेछ ।
- निजी विधालय स ंग सहकार्य गरि ज्ञानको आदान प्रदान मार्फत बालबालिकालाइ योग्य बनाइने छ भने त्यसका लागि सबै शिक्षकहरुलाई अनिवार्य तालिम दिइनेछ ।
- विद्यालयमा अनिवार्य इन्टरनेटको व्यवस्था गरिनेछ ।
- इ सि डि का शिक्षिकाहरुको शैक्षिक योग्यता अनिवार्य १२ पास गरेको हुनु पर्ने छ ।
- आगामि आ व भित्र कक्षा १ बाट अनिवार्य अंग्रेजी माध्याम लागु गरिने छ । यसका लागि दक्ष जनशक्ति व्यवस्थापन गर्दै लगिने छ ।
- माध्यामिक विध्यालयहरुमा अनिवार्य व्यवस्थापन संकायमा प्रमाणपत्र तह पास गरेको लेखापाल राखिने छ ।
- पालिका भित्र संचालित विद्यालयमा सिकाइ गुणस्तर मुल्याङ्गनका आधारमा विद्यालय र विषयगत शिक्षकलाइ प्रोत्साहन गरिने छ ।
- मा वि निमावि शिक्षण सिकाइलाइ प्रभावकारी बनाउन प्रोजेक्टरको व्यबस्थापन गरी प्रोजेक्टरद्धारा अध्यापन गराउने ब्यबस्था गरिने छ ।
- शैक्षिक गुणस्तका लागी अन्तर विद्यालय शिक्षक विद्यार्थी अबलोकन भ्रमण गराइ शिक्षाको गुणस्तर सुधार गरिने छ ।

**घ) संस्कृतिः**

- पालिकामा एउटा सास्कृतीक सग्राहालय निर्माण गरिनेछ ।
- लोपउन्मुख भेषभुषा तथा सस्कृतीको जर्गेना गर्न साँकृतिक सप्ताह मनाउने व्यवस्था गरिनेछ
- परम्परागत मठमन्दीर पुर्ननिर्माण गरिनेछन् ।
- हरेक बर्ष साँस्कृतिक महोत्सव मनाइने छ ।
- स्थानिय चाँडपर्वहरु संकृती झल्कने खालको पालिका भरीको संकृति डायरी निर्माण गर्न गाथा कला संकृती शब्दहरु संकलन गरी प्रकाशन पश्चात पालिका स्तरको संग्राहलमा राखीनेछ ।

**ङ) युवा तथा खेलकुदः**

- युवाहरुलाइ शिप युक्त बनाइ उत्पादनमुलक कार्यमा सलग्न गराइनेछन ।
- दिगो ब्यवसायमा सलग्न गराउन अनुदान तथा औधोगिक उपकरणको ब्यवस्था गराइने छ।
- पालिकामा बर्षको एकपटक युवा शिप परिक्षण सम्मेलन गरिने छ ।
- युवाहरुको प्रोत्साहनको लागि बर्षमा एकपटक खेलमहोत्सव गराइने छ ।
- युवा लक्षित गरी प्रधानमन्त्री रोजगार कार्यक्रमा थप जोड दिइने छ ।

**ङ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणः**

- सबै प्रकारका विभेद अन्त्यका लागी विशेष कार्यक्रम ल्याइने छ ।
- सबै दलित समुदायका सबै परिवारका लागि एक परिवार एक आयआर्जन कार्यक्रम ल्याईने छ ।
- भुमिहिन दलित तथा विपन्न परिवारलाई जमिनको व्यवस्था गरिने छ ।
- दलित तथा विपन्न समुदायका उच्च शिक्षा अध्ययनरत छात्राछात्रहरुलाई छात्रबृद्धीमा विशेष प्राथमिकता दिईने छ।
- महिलाहरुलाई पुरुष सरहको समान सहभागितामा पुराउन महिला लक्षीत क्षमता अभिबृद्धी तालिम सचालन गर्ने, महिला अनुकुल निती बनाउने र अनुदानका कार्यक्रम लागु गरिनेछन ।
- एक घर एक महिला क्याप्टन, एक टोल एक महिला समुह, एक वडा एक महिला मञ्च गठन गरिनेछ ।
- सबै विधालयमा बालक्लव गठन गरिनेछ । बालक्लवलाई आवश्यक क्षेत्रमा सहभागिताको सुनिश्चीतताको निती लिईनेछ ।
- ज्येष्ठ नागरिक मञ्च गठन गरिनेछ । ज्येष्ठ नागरिक गफ चौतारी निर्माण गरिनेछन।
- सामाजिक सुरक्षा भत्तालाई ॐ मार्फत खातामा भुक्तानी गरी बैक मार्फत सबैको घरनै पुराउने व्यवस्था गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई समानता तथा दक्षता अनुसारको काम र आवश्यक तालिमहरुको व्यवस्था गरिनेछ ।
-

**४) वन वातबरण तथा विपद् व्यवस्थापनः**

- वन क्षेत्रको संरक्षणका लागि वन उपभोक्तालाई सक्रीय वनाईनेछ । हरेक वन उपभोक्ता समितीलाई तालिम तथा आवश्यक सामाग्रीको व्यवस्थापन गरिनेछ ।
- भुमि बैकको स्थापना गरि भुमिविहीन तथा इच्छुक व्यवसायीलाई उपयोगमा लगाईनेछ ।
- जलवायु अनुकुलन कार्यक्रम लागु गरिनेछ ।
- कटान हुदै गएको जमिनको संरक्षणका लागि तड्बन्धन तथा बृक्षारोपण कार्यक्रम लागु गरिनेछ।
- हरेक विपद्को सामाना गर्न तथा विपदमा परेकाको लागि आवश्यक राहतलाई दुर्तमार्गको व्यवस्था गरिनेछ।
- एक वडा एक हेलिप्याड निर्माण गरिने छ ।
- वडामा विपद् ब्यबस्थपनका सामाग्रीहरु पूर्व तयारी अबस्थामा राखी आबश्यकता अनुसार राहत वितरण गरिने छ ।
- पालिका स्तरमा र वडा स्तरमा विपद् उत्थानिशल योजना निर्माण गरी कार्यन्यिन मा ल्याइने छ ।
- विपद ब्यबस्थापन सम्बन्धी हप्तापमा १ दिन रेडीयो एफ एम द्धारा सचेतना मुलक सन्देश प्रशारण गरिने छ ।
- विपद् ब्यबस्थापनमा लागी एक टोल एक सुचनादाता छनैट गरी सुचक मार्फत मासिक विपद डाटा अपडेट गरिने छ ।

**५) सुशासन तथा संस्थागत विकास**

- कार्यालयको कामलाई पारदर्शि र प्रविधी मैत्री बनाइनेछ ।
- स्थानिय सरकाले दिने सबै सेवा तथा राजश्व इन्टरनेटको माद्यम दिन स्टम सफ्टवयरको ब्यबस्थापन गरी कार्यन्वयनमा ल्याइने छ
- आगामी श्रावणबाट पालिका तथा पालिका अन्तरगतका सबै कार्यालयबाट सम्पादन हुने कामको सार्वजनिक सुनुवाइ हरेक महिनाको अन्तिम दिनमा अनिवार्य गरिनेछ ।
- सबै प्रकारका सुचना प्रकाशन ,यातायात भाडा,तथा खरिद गर्नु पर्ने बस्तुका लागि श्रावण महिना भरि सुचनाद्धारा सुचिकृत गरि सुचिकृत भएका मध्यबाट कार्य अगाडी बढाइनेछ ।
- हरेक सुचनालाई सबै नागरिकको मोवाइलमा पुग्ने गरि एसएमएस प्रणाली लागु गरिनेछ ।
- राष्ट्रिय परिचय पत्र तथा पन्जिकरण विभागले तोकिय बमोजिमको कार्यक्रमलाइ प्रभावकारी रुपमा कार्यन्वयन गरिने छ ।
- सेवा प्रवाहलाइ गुणस्तरीय बनाउन कर्मचारीहरु पदाधिकारीहरुको क्षमता विकास गर्न जोड दिइने छ ।
- गाँउपालकाले गरेका कामको त्रैमासिक रुपमा पालिका स्तरमा क्षेत्रगत रुपमा समिक्षा गरिने छ ।
- बजार अनुगमनलाइ प्रभावकारी बनाउन,कालोबजारी नियन्त्रण गर्न नियमित बजार अनुगमनको ब्यबस्था मिलाइने छ ।
- पालिकाको मोवाइल एप्स निर्माण गरिनेछ ।

- आजको काम आजै भोलिको काम भोली निती लागु गरिनेछ ।
- कार्यालयको सेवालाई जनता अनुकुल बनाईनेछ ।
- सबै जनप्रतिनिधीहरु र कर्मचारीहरुलाई प्रविधीमा जोडिनेछन ।
- हरेक महिनाको कामको प्रगतिको सुचना जनताको घरमा पुराउने व्यवस्था गरिनेछ ।
- बार्षिक रुपमा वडा स्तरमा अन्तरक्रिया तथा सार्वजनिक सुनुवाई कार्यक्रम गरिनेछ ।
- बार्षिक रुपमा स्थानीय सरकारको कामको सर्वेक्षण तेस्रो पक्षलाई जिम्मा दिएर हरेक नागरिकमा गएर गरिनेछ ।
- पालिकालाई आन्तरिक आयमा मजबुद बनाउन राजस्व बृद्धीलाई विशेष जोड दिइनेछ ।
- पालिका भित्रका प्राकृतिक स्रोतहरुको समुचित व्यवस्थापन गरि पालिकाको आन्तरिक स्रोत बृद्धी सँग जोडीने छ ।
- आग्रह वा पूर्वाग्रह विहिन भएर बजेट बिनियोजनमा आवश्यकतालाई प्राथमिकता दिइनेछ ।
- विभिन्न गैर सरकारी सहकारी नीजी क्षेत्र सँग साजेदारी को निती लिइनेछ ।
- गौमुल गाँउपालिकाले गरेका हरेक कामको नतिजाहरु गाँउपालिकाको **Website** मार्फत सार्वजनिक गरिने छ ।
- अत्यावश्यक बाहेक पालिकालाइ आर्थीक भार पर्ने गरि कुनै पनि करार कर्मचारी व्यवस्थापन गरिनेछैन ।
- पालिका तथा पालिका अन्तरगतका सबै कार्यलयबाट हरेक बस्तुको प्रयोगमा पारदर्शिता अपनाइनेछ ।
- मदिरा सम्बन्धि गरिएको ब्यवस्थालाइ थप कडाइका साथ लागु गरिनेछ ।सेवन कर्ता र विक्री कर्ताको रेकर्ड हरेक बर्ष सार्वजनिक गरिनेछ ।
- सार्वजनिक पदधारण गरेका जनप्रतिनीधी तथा कर्मचारी जो कोहीले मदिरा बिक्रीवितरण गर्न पाइनेछैन ।
- मदिरालाइ नियम विपरित सेवन गर्ने र विक्रीवितरण गर्नेलाइ पालिकाबाट तथा अन्य सघ सस्थाबाट प्रदान गरिने सेवा सुविधाबाट पुर्ण रुपमा बन्चीत गरिनेछ ।
- देशका लागि दुइ दिन कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।
- पालिका स्तरमा काम गर्ने कर्मचारीहरुको बार्षिक कार्य सम्पादन मुल्याङ्कनका आधारमा प्रोत्साहन गरिने छ ।

**गाउँ सभाका सदस्य ज्यूहरु**,

यस निती तथा कार्यक्रममा केही नया र केही पुराना नितीहरूलाइ निरन्तरता दिइएके छ । यसलाइ कार्यान्वयन गर्न सबै सभाका सदस्यज्यूहरूले इमान्दारिता साथ लाग्नु हुनेछ भन्ने अपेक्षा राखेके छु । अन्तमा निती तथा कार्यक्रम तयारीमा सहयोग गर्नु हुने जनप्रतिनिधि, कर्मचारी साथीहरु अन्य महानुभावज्यूहरु प्रति आभार व्यक्त गर्दछु ।